नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५११२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।

# प्रेस विज्ञप्ती- ८३

## "फैसला कार्यान्वयनका क्रममा फरार प्रतिवादीहरू पक्राउ"

फैसला कार्यान्वयन गरी न्यायको अनुभूति गराउने, दण्ड हिनताको अन्त्य, पीडितलाई न्याय, न्यायमा सबैको सहज पहुँच र शान्त सुरक्षित समाज निर्माण, कानूनी राज्यको स्थापना र कानुन कार्यान्वयनको पक्षमा जन आस्था र विश्वास अभिबृद्दी गर्ने उदेश्य स्वरुप नेपाल प्रहरीले फैसला कार्यान्वयनलाई उच्च प्राथथमिककतामा राखि कार्यान्वयन गर्दै आईरहेको छ। तदअनुरुप केन्द्रीय अनुसन्धान ब्यूरोले स्थापना कालदेखि नै फैसला कार्यान्वयनलाई प्राथमिकतामा राखि पिलर नै खडा गरी फैसाला कार्यान्वयनलाई जोड दिदै आईरहेको छ। फैसला कार्यान्वनले गलत गर्नेलाई कानुनले कहिले छाडदैन भन्ने डर पैदा हुनु स्वाभाविककै हो। परिणामत: यस ब्यूरोले स्थापना कालदेखि हालसम्म जम्मा ६२९ पुरुष र ८४ महिला गरी जम्मा ७१३ जना फरार प्रतिवादीहरुलाई पक्राउ गरी फैसला कार्यान्वयनको लागि अदालतमा उपस्थित गराइएको र पक्राउ प्रतिवादीहरुको जम्मा वेरुजु कैद १७९१ बर्ष ५ महिना २३ दिन र जरिवाना ५ अर्ब १ करोड ९० लाख २६ हजार १ सय ११ रुपैया वसुल उपर भएको छ।

मिति २०७९/०१/०१ गतेदेखि मिति २०७९/१२/३० गतेसम्मको एक बर्षकोसमयावधिमा पक्राउ परेका प्रतिवादीहरू विवरण यस प्रकार छ।

- जम्मा पक्राउ संख्या:- १२७ जना
- जरिवाना:- रु. २७,१५,५६,३७०/- (२७ करोड १५ लाख ५६ हजार ३ सय ७० रुपैंया मात्र)
- कैद:- १२३ बर्ष ११ दिन

**यस बर्ष फैसला कार्यान्वयनका क्रममा जघन्य प्रकृतिका अपराधका कसूरदारहरू र घटना विवरण:-**

१) **अच्छन अलि अन्सारी:-** कर्तब्यज्यान मुद्दामा सम्मानित बाँके जिल्ला अदालतबाट निज प्रतिवादीकोक हकमा गरेको फैसला २० बर्ष कैद कार्यान्वयनको लागि मिति २०७९/०३/२२ गते सम्मानित बाँके जिल्ला अदालतमा पेश गरेको। निजले आफू सजाय पाउने ब्यक्ति होईन भनी झुठ्ठा दावी गरेकोमा थप ३ बर्ष कैद सजाय समेत ठहर भएको।

२) **जाहेरू भाट:-** जवरजस्ती करणी गरेको मुद्दामा सम्मानित बाँके जिल्ला अदालतबाट निज प्रतिवादीकोक हकमा सजाय ७ बर्ष कैद ठहर भएको फैसला कार्यान्वयनको लागि मिति २०७९/०३/२२ गते सम्मानित बाँके जिल्ला अदालतमा पेश गरेको।

३) **भरत ढकाल:-** जबरजस्ती करणी गरेको मुद्दामा सम्मानित उच्च अदालत कास्की (तत्कालको पुनरावेदन अदालत कास्की)बाट निज प्रतिवादी भरत ढकाललाई ५(पाँच) बर्ष कैद र रु. ५०,०००/- निज प्रतिवादीबाट पीडितलाई क्षेतिपूर्ति वापत भराई दिने ठहर भएको फैसला पछी भागी फरार रहेका निजलाई मिति २०७९/०३/२४ गते जिल्ला चितवन, भरतपुर न.पा. वडा नं. १५, पिठुवामा फेला पारी पक्राउ गरी फैसला कार्यान्वयनको लागि सम्मानित चितवन जिल्ला अदालतमा पेश गरेको।

४) **कृष्ण मिजार:-** कर्तब्य ज्यान मुद्दामा सम्मानित पुनरावेदन अदालत पाटन (हाल उच्च अदालत पाटन)बाट प्रतिवादी कृष्ण मिजारलाई १०(दश) बर्ष कैद ठहर भएको फैसला पछी भागी फरार रहेका निजलाई मिति २०७९/०३/२५ गते खोजतलासको क्रममा जिल्ला कास्की पोखरा उप महानगरपालिका वडा नं. ३०, पावरहाउसमा फेला पारी पक्राउ गरी फैसला कार्यान्वयनको लागि मिति २०७९/०३/२७ गते सम्मानित कास्की जिल्ला अदालतमा पेश गरेको।

५) **सुमन बस्नेत:-** बैकिंङ् कसूर मुद्दामा ३ करोड ७५ लाख जरिवाना ठहर निज ब्यक्ति मिति २०७९/११/०१ गते झम्सिखेल, काठमाडौंबाट पक्राउ

६) **एकराज दाहाल:-** बैंकिङ् कसुर मुद्दामा १ करोड ४० लाख जरिवाना ठहर निज मिति २०७९/१०/०४ गते पेप्सीकोला, काठमाडौंबाट पक्राउ

७) **लाख बहादुर तामाङ् (सुगम):-** कर्तब्यज्यान मुद्दामा २० बर्ष कैद ठहर निज मिति २०७९/१०/२२ गते कपन, काठमाडौंबाट पक्राउ

८) **छिरिङ् लोप्साङ् लामा:-** कर्तब्यज्यान मुद्दामा १० बर्ष कैद ठहर निज मिति मिति २०७९/०५/१२ गते स्वयम्भू काठमाडौंबाट पक्राउ

९) **अर्जुन कार्की:-** जबरजस्ती करणी मुद्दामा १० बर्ष कैद ठहर निज मिति २०७९/०६/०४ गते पञ्चकन्या, नुवाकोटबाट पक्राउ

१०) **सकील खान:-** जबरजस्ती करणी मुद्दामा १० बर्ष कैद ठहर निज मिति २०७९/०४/२४ गते कुलेश्वर, काठमाडौंबाट पक्राउ

११) **अमित पौडेल:-** जबरजस्ती करणी मुद्दामा ५ बर्ष कैद ठहर निज मिति २०७९/०६/०४ गते भरतपुर, चितवनबाट पक्राउ

१२) **सीता लामिछाने:-** कर्तब्यज्यान मुद्दामा ५ बर्ष कैद ठहर निज मिति २०७९/१०/१० गते कलंकी, काठमाडौंबाट पक्राउ

१३) **फुङ्जो वाङ्दी लामा:-** कर्तब्यज्यान, १० बर्ष कैद- मिति २०७९/१२/२१ गते सुन्धारा, काठमाडौंबाट पक्राउ

**प्रहरी उपरीक्षक**
(संजय सिंह थापा)
सम्पर्क नम्बर:९८५१२९१३११
मिति २०७९/१२/३० गते ।